श्री ५ को सरकार

# निर्माण तथा यातायात मन्त्रालयको सूचना

## नेपाल इञ्जिनीयरिङ सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) तेस्रो संशोधन नियमहरू, २०४६

नेपाल इञ्जिनीयरिङ सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ लाई संशोधन गर्न वान्छनीय भएकोले,

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "नेपाल इञ्जिनीयरिङ सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) (तेस्रो संशोधन) नियमहरू, २०४६" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. नेपाल इञ्जिनीयरिङ सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ३ मा संशोधनः नेपाल इञ्जिनीयरिङ सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को उप-नियम (७) पछि देहायको उप-नियम (८) थपिएको छः–

"(८) प्लानिङ एण्ड म्यानेजमेन्ट समूह गठन गर्दा सो समूहको लागि तोकिएको योग्यता पुगेका सेवाअन्तर्गतका कुनै समूहको स्थायी कर्मचारीलाई श्री ५ को सरकारले प्लानिङ एण्ड म्यानेजमेन्ट समूहमा समूहीकृत गर्न सक्नेछ ।"

३. मूल नियमावलीको अनुसूची १ मा संशोधनः मूल नियमावलीको अनुसूची १ को क्रमसंख्या १४ पछि देहायको क्रमसंख्या १५ थपिएको छः–

"१५ प्लानिङ एण्ड म्यानेजमेन्ट ।"

४. मूल नियमावलीको अनुसूची २ मा संशोधनः मूल नियमावलीको अनुसूची २ को क्रमसंख्या १४ पछि देहायको क्रमसंख्या १५ थपिएको छः–

"१५ प्लानिङ एण्ड म्यानेजमेन्ट – कुनै इञ्जिनीयरिङ डिग्री प्राप्त गरी प्लानिङ वा म्यानेजमेन्ट वा एड्मिनिष्ट्रेशन वा आर्थिक विश्लेषण वा प्रोजेक्ट फाइनान्सिङ विषयमा स्वीकृत शिक्षण संस्थाबाट ६ महीनाको तालीम प्राप्त गरेको ।"

आज्ञाले,
मुक्तिप्रसाद काफ्ले
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

22